"कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन—चंखेली विकासका प्रमुख आयाम।"

# आर्थिक बर्ष २०८३। ०८४ को

# बजेट बक्तव्य

चँखेली गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय पिप्लाङ्ग,हुम्ला

कर्णाली प्रदेश, नेपाल

२०८३

गाँउसभाको बैठक

मिति २०८३ साल असार १० गते बुधबार

प्रस्तुतकर्ता गाँउपालिकाका उपाध्यक्ष श्री प्रेमकला शाही ज्यू

# आर्थिक बर्ष २०८३।०८४ को बजेट बक्तव्य

चँखेली गाँउपालिका

पिप्लाङ्ग हुम्ला

२०८३

सम्मानित सभा अध्यक्ष ज्यू ,

गाँउसभाका सदस्य ज्यूहरु,

उपस्थित महानुभावहरु,

चंखेलीबासी दाजुभाइ तथा दिदिबहिनीहरु

यस चँखेली गाँउपालिकाको गरिमामय १६ औं गाउँसभामा बजेट बक्तव्य पेश गर्न पाउँदा आफुलाई भाग्यमानी महसुस गरेको छु । साथै नेपालको विभिन्न चरणका लोकतान्त्रिक जन आन्दोलन तथा बिभिन्न आन्दोलनमा आफ्नो जिवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

चँखेली गाँउपालिकाले प्रस्तावित निति,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मुलतः नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानिय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानिय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानिय सरकार शासन संचालन ऐन (२०७४) र बिभिन्न नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन,खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास,वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानिय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारि कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती र टोल स्तरबाट छनौट गरिएका आयोजना र कार्यक्रम, वडा स्तरीय आयोजना र कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउकार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय १६ औं गाँउसभामा आगामी आ.व. २०८३/०८४ को कार्यक्रम तथा बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता सास्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस चंखेली गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ ।कृषि तथा औषधिजन्य जडिबुटीहरु, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको चँखेली गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच, दृढ संकल्प र सामुहिक ईच्छाशक्तिका साथ यस चँखेली गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी चँखेली

गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् ।त्यसैले विकसित र समृद्ध चँखेली गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन । सभा अध्यक्ष ज्यू तथा सभा सदस्य ज्यू हरु

**बजेटको प्रमुख उदेश्यः**

- आ व २०८३।०८४ को यस चंखेली गाउँपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक सामाजिक, साँस्कृतिक, रुपान्तरण गर्दै आवश्यक पूर्वाधारहरुको विकास गरी गाउँपालिकालाई समृद्धिको बाटोमा अघि बढाउनु ।
- शिक्षा, स्वास्थ्य, कृर्षि, पर्यटन, जडिबुटी र जलस्रोतको समुचित व्यवस्थापनका लागि सहि परिचालन गर्नु।
- आन्तरिक रोजगारीको प्रबद्धन गर्दै वैदेशिक रोजगारीलाई निरुत्साहित गर्नु ।

अब म आ.व. २०८३ / ०८४ को प्रस्तावित बजेट तथा आय व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आ.व. २०८३/०८४ को लागि चँखेली गाँउपालिकाको कुल प्रस्तावित बजेट **रु ४२,२९,७१,५३२ रु ४२ करोड २९ लाख २७ हजार ५ सय ३२ रुपैया हुन आएको छ । जसमा चालु तर्फ २३ करोड ९० लाख २७ हजार (५६.८८ प्रतिशत) र पुजिगत तर्फ १८ करोड २४ लाख मात्र (४३.१२ प्रतिशत) विनियोजन गरिएको छ ।**

| श्रोत | रकम रु. अक्षरमा |
|---|---|
| संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | १३ करोड ६५ लाख |
| संघीय सरकारबाट प्राप्त विशेष अनुदान | ९९ लाख |
| संघीय सरकारबाट प्राप्त समपुरक अनुदान | २ करोड ३२ लाख |
| संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान | ८ करोड २७ लाख |
| संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड | ९ करोड ३४ लाख २७ हजार |
| प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान | ८५ लाख ४ हजार |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ८५ लाख |
| प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान | २ करोड ९९ लाख ९६ हजार |
| प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड | ११ लाख ४४ हजार ५ सय ३२ |
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | २ करोड ७६ लाख |
| आन्तरिक स्रोत राजस्व | १५ लाख |
| जम्मा | ४२ करोड २९ लाख ७१ हजार ५ सय ३२ |

सम्मानित सभा अध्यक्ष ज्यू तथा गाउँसभा सदस्य ज्यूहरु,

अव म विषयगत समितिमा विनियोजोन गरेको बजेट सिलिङ प्रस्तुत गर्न चाहान्छु ।

| अ | बजेट रकम रु. अक्षरमा |
|---|---|
| आर्थिक विकास | ९० लाख |
| सामाजिक विकास | ११ करोड २३ लाख |
| पुर्वाधार विकास | १८ करोड २४ लाख |
| कार्यालय सञ्चालन तथा व्यवस्थापन | ११ करोड ४२ लाख ७१ हजार ५ सय ३२ |
| विपद् | ३० लाख |
| न्याय | ५ लाख |
| महिला विकास | ५ लाख |
| लक्षित वर्ग | १० लाख |
| जम्मा | ४२ करोड २९ लाख ७१ हजार ५ सय ३२ |

यसै गरी आ.व. २०८३।०८४ का लागि यस गाउँपालिकामा संघीय,प्रदेश तथा यस स्थानीय तहबाट प्राप्त तपशिलका कार्याक्रमहरु सञ्चालन गर्ने जानकारी गद्र्छु ।

**संघीय समपुरक अनुदानबाट प्राप्त आयोजना /कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु,**

**मेलछाम स्वास्थ्य चौकी भवन निर्माण १४७०००००। एक करोड सैतालिस लाख संघीय सरकारबाट प्राप्त समपुरक अनुदान र स्थानीय दायित्व रु ३६७५०००। (३६ लाख ७५ हजार)**

**महाकवि आ.वि. विद्यालय भवन निर्माण ८५०००००। (पचासी लाख संघीय सरकारबाट प्राप्त समपुरक अनुदान र स्थानीय दायित्व रु २१२५०००। (२१ लाख २५ हजार)**

**संघीय विशेष अनुदानबाट प्राप्त आयोजना :**

- चंखेली गाउँपालिकाका विद्यालयहरुमा प्रविधी मैत्रि सामाग्रीहरु माग रु. ९९००००० **(उनान्सय लाख संघीय सरकारबाट प्राप्त विशेष अनुदान)**

**प्रदेश समपुरक अनुदानबाट प्राप्त आयोजना /कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु,**

**गाडलाग्न देखि मेखाल सम्म सडक निर्माण १३७०००००। (एक करोड सैतिस लाख प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान र स्थानीय दायित्व रु ५८७१४३०।(५८ लाख ७१ हजार ४ सय ३० रुपैया ।)**

**पृथिवीनायरण आ.वि. विद्यालय भवन निर्माण पुमा १३९०००००। (१ बरोड ३९ लाख प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान र स्थानीय दायित्व रु ६० लाख २८ हजार ५ सय ७० रुपैयाँ ।)**

**प्रदेश विशेष अनुदानबाट प्राप्त आयोजनाहरु प्रस्तुत गर्न चाहान्छु ।**

- भेटेनरी अस्पताल निर्माण तथा आवस्यक औषधी माग योजना **रु ५५०००००( पचपन्न लाख)**
- रैथाने बाली उत्पादन तथा बजारिकरण **रु ३०००००० ( तिस लाख)**

**संघिय सशर्त अनुदानबाट प्राप्त कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१. आधारभुत सिकाई प्रवर्द्धन कार्यक्रम सञ्चालन **४ लाख ३३ हजार**

२. पोषणमैत्री स्थानिय शासन प्रवर्द्धन **२० लाख ७४ हजार**

३. क्षयरोग जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रय क्षयरोग खोजपड्ताल कार्यक्रम **१ लाख ५ हजार**

४. स्थानिय तह तर्फ मातृ तथा नव-शिसु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्ववती उत्प्रेरणा सेवा , न्यानो झोला , सुरक्षित निशुल्क उपचार कार्यक्रम **६ लाख**

५. राष्ट्रिय महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रम(पोषाक,प्रोत्साहन,यातायात खर्च) **१० लाख**

६. सामानिकरण न्युनतम अनुदान **४ करोड ७५ लाख**

७. प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई व्यवस्थापन अनुदान **६ लाख ४६ हजार**

८. विपन्न लक्षित छात्रवृत्तीका लागी छनौट भएका कक्षा ६-१२ मा अध्यायनरत बिद्यार्थीका लागी छात्रवृत्ती ४ लाख ८६ हजार

९. सार्वजनिक विद्यालयका विद्यार्थीका लागी निशुल्क पाठ्यपुस्तक अनुदान १२ लाख ७५ हजार

१०. माद्यामिक तह ९-१० मा अंग्रजी,गणित , विज्ञान विषयमा शिक्षण सहयोग अनुदान १७ लाख ४९ हजार

११. म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य ,घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम ५ लाख

१२. स्थानिय तहका स्वास्थ्य स्थायी कर्मचारीहरुको स्विकृत दरवन्दिअनुसारको तलब महंगी भत्ता र पोषाक भत्ता १८ लाख ६० हजार

१३. प्रजनन रुग्नता स्वास्थ्य सेवा ६८ हजार

१४. परिवार योजना सेवा २४ हजार

१५.	स्वास्थ्यचौकी(आधारभूत स्वास्थ्यकेन्द्र) को न्यनतम सेवा मापदण्ड

कार्यक्रम(अभिमुखिकरण, समिक्षा, फ्लोअप , अनुगमण तथा सुद्धिकरण समेत)	१ लाख

१३ हजार

१६.	रोजगार संयोजकको पोषाक	१० हजार

१७.	डिजिटल श्रम तथा रोजगार सेवा सम्वन्धी सरोकारवाला अभिमुखीकरण एवम् प्रवर्द्धन

कार्यक्रम	२५ हजार

१८.	गाउँपालिकाभरिका विद्यालयहरुमा प्रविधीमैत्री शैक्षिक सामग्रीहरु माग	९९ लाख

१९.	सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिसपर्दा बृदि गर्नका लागि कम्तिमा पाँच

जनाको समुहमा प्रविदि हस्तानतरण	७० हजार

२०.	गरिबि निवारणका लागि लगु उधम विकास कार्यक्रम संचालन कार्यविधि, २०८२

बमोजिम लधुउधम विकास मोडेलमा नयाँ लगुउधमी सिर्जना गर्ने	२ लाख

२१.	पशुपन्छिमा माहामारी / आकस्मिक रोग निरन्त्रण तथा NAHIS रिपोटिङ्ग कार्यक्रम ६०

हजार

२२.	स्थानिय तहका MIS Operator को लागत साझेदारी अन्तरगत संगिय सरकारले

व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम ( बाँकी ६ महिनाको सम्बन्धीत स्थानीय तहले

व्याहोर्ने)	२ लाख ४९ हजार

२३.	अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम	४ लाख

२४.	जेष्ठनागरिक दिवा सेवा केन्द्र  सञ्चालन	४ लाख

२५. विद्लय सञ्चालन तथा व्यवस्थापन कार्यक्रम ३१ लाख ९० हजार

२६. सामुदायिक विद्यालयमा शैक्षिक कार्यक्रम ११ लाख ७० हजार

२७. स्वास्थ्य संस्नथामा कार्यरत स्वास्थ्यकर्मिकव् लागि PAMS V2 सम्बन्धि अभिमुखिकरण ४५ हजार

२८. स्थानीय तह रोजगार सेवा केन्द्र द्वारा समुदाय स्तरमा सुरक्षित बेदेशिक रोजगारी समवन्धी अभिमुखिकरण ८८ हजार

२९. १०० ओटा स्थानिय तहमा महिला उद्यमशिलता बिकास सहजिकरण केन्द्र सञ्चालन २ लाख

३०. आधारभूत तहका स्विकृत दरवन्दिका शिक्षक,राहत शिक्षक ,अनुदान शिक्षकको लागी तलब भत्ता अनुदान ४ करोड १६ लाख

३१. स्विकृत गुरुयोजनाको आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास ३३ लाख

३२. बहुक्षेत्रिय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक ३ लाख १ हजार

३३. CBIMNCI कार्यक्रम समिक्षा स्थलगत अनुशिक्षण समता तथा पहुँच कार्यक्रम १ लाख

३४. समुदाय स्तरमा नसर्ने रोग सम्वन्धी स्क्रिनिङ ,तथा जनचेतना कार्यक्रम सञ्चालन १ लाख ४५ हजार

३५. मनोसामाजिक परामर्शकर्ताको दैनिक भ्रमण भत्ता तथा यातायात खर्च ६० हजार

३६. समानिकरण कार्यसम्पादनमा आधारित अनुदान ५० लाख

३७. उद्यमविकास सहजकर्ताको पारिश्रमिक ४ लाख ५५ हजार

३८. कृषी पशुपंक्षी तथ्यांङ्क अध्यावधिक २५ हजार

३९. कृषि तथा पशू सेवाका एक गाउँ एक प्राविधीक तलब भत्ता ३ लाख २५ हजार

४०. सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन ४ लाख ७४ हजार

४१. क्षयरोग उपचार व्यवस्थापन कार्यक्रम पुरानो भुक्तानि ७ लाख ५६ हजार

४२. स्विकृत स्तानिय शिक्षायोजना कार्यान्वयनको लागी अनुदान ६ लाख ६३ हजार

४३. मनोसामाजिक परामर्शकर्ताको करार सेवा शुल्क ५०% रकम संघ मार्फत विनियोजन २ लाख ३७ हजार

४४. श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी कृयाकलाप सञ्चालन २५ हजार

४५. रोजगारी सृजना एबम् प्रवर्द्धऊन सम्वन्धि सरोकारवालासंग रणनीतिक समवाद तथा छलफल कार्यक्रम २५ हजार

४६. रोजगार संयोजकको तलब ४ लाख ५२ हजार

४७. सामानिकरण सुत्रमा आधारित अनुदान ३ करोड २० लाख

४८. किसान सूचिकरण कार्यक्रम ५० हजार

४९. साना सिंचाई प्रवर्द्धन कार्यक्रम वडा-२ १० लाख

५०. MIS operator र फिल्ड सहायक पोषाक भत्ता २० हजार

५१. आधारभूत तह कक्षा ६-८ मा अंग्रेजी गणीत र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान

४ लाख ६६ हजार

५२. स्थानिय तहको साझेदारीमा नियमित खोप सुदृढिकरण नियमित खोपमा विद्यालय खोप अभियान सञ्चालन,पूर्ण खोप सुनिश्चितता र दिगोपनाको लागी व्यवस्थापन खर्च

-२लाख ४२ हजार

५३. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्हत्या रोकथाम सम्वन्धी जनचेतना कार्यक्रम

-४० हजार

५४. आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागी औषधी खरिद - १० लाख ८७ हजार

५५. नागरिक आरोग्य सेवा केन्द्र संञ्चालन अभियान ५ लाख

५६. गरिवी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम संञ्चालन कार्यविधी २०८२ बमोजिम उद्यमीको स्तरोन्नती ,पुनर्ताजकी र एड्भान्स सिप विकास तालीम ७५ हजार

५७. स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारि अन्तर्गत संघीय सरकारले वेहोर्ने ७ महिनाको पारिश्रमिक वापतको रकम २ लाख ३१ हजार

५८. माद्यामिक तहका स्विकृत तहका शिक्षक राहत अनूदान शिक्षकका लागि तलब भत्ता अनुदान ,प्राविधीक धारका प्रशिक्षक समेत ७५ लाख

५९. अनौपचारिक शिक्षा सञ्चालन अनुदान १४ लाख ६० हजार

६०. तोकिएका विद्यार्थिको दिवा खाजाको लागी विद्यालयलाई अनुदान ७१ लाख २८ हजार

६१. प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान ६८ लाख ८५ हजार

६२. सार्वजनिक विद्यालयमा अध्यानरत विद्यार्थीको लागी छात्र बृत्ती ५ लाख ८१ हजार

६३. मृगौला प्रत्यारोपण गरेका डाईलसिस गरेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्चवापत मासिक रु ५००० को दरले उपलब्ध गराईने रकम ३ लाख

६४. आधारभुत अस्पताल ५ शैया भवन निर्माण २ करोड

६५. आकस्मिक अवस्थामा औषधी एवम् ल्याव सामग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा ९५ हजार

६६. किशोर किशोरी स्वास्थ्य कार्यक्रम ३४ हजार

६७. पोषण कार्यक्रम २ लाख १२ हजार

६८. स्थानीय तह मार्फत मातृ तथा नव शीसु कार्यक्रम सञ्चालन ११ लाख २० हजार

६९. सर्पदंश रेविज लगायतका अन्य जुनोटिक रोगहरुको बारेमा एक स्वास्थ्यको अवधारणा अभिमूखिकरण कार्यक्रम १५ हजार

७०. उत्पादन र उत्पादनशिलता मार्फत रोजगारी सृजना स्थानीय तहको १००% लागत

साझेदारीमा कार्यक्रम १० लाख ६३ हजार

७१. रोजगार सेवा संञ्चालन केन्द्र संञ्चालन खर्च १ लाख

७२. मेलछाम स्वास्थ्यचौकी भवन निर्माण १ करोड ४७ लाख

७३. पशुपंक्षी विकास कार्यक्रम ५ लाख ४० हजार

७४. बालबिबाह अन्त्य सम्वन्धी कार्यक्रम स्तानीय तहको साझेदारीमा ३ लाख

७५. सुनौला हजार दिनका बिपन्न महिलाको पोषण सुधारको लागी आयआर्जन अनुदान ६ लाख २५ हजार

७६. नियमित तथ्याङ्कको लागी गुणस्तर अभिवृद्धिको लागी स्वास्थ्य संस्थाको मासिक वैठक , बार्षिक बैठक समिक्षा कार्यक्रम १ लाख ५५ हजार

७७. स्थानीय तह कार्यक्रम कार्यान्वयन समितीको बैठक व्यवस्थापन खर्च १५ हजार

**मुख्यमन्त्री कर्णाली रोजगार तर्फका योजनाहरु प्रस्तुत गर्न चाहान्छु ।**

१. घट्टाचौर जडीबुटी प्रसोधन केन्द्र नदि नियन्त्रण तटबन्धन निर्माण,चंखेली गाउँपालिका -४ **२० लाख**

२. मेल्छाम गाउँ भुवाखाडा तटबन्धन निर्माण ,चंखेली गाउँपालिका -६ **२० लाख**

३. कोट ढुस्कादेखी आँटिसम्म सिंचाई निर्माण चंखेली गाउँपालिका -२ **२० लाख**

४. रातापया देखी ओडारसम्म सिंचाई निर्माण चंखेली -३ **२० लाख**

५. बजाडीदेखी माठिखानासम्म सिंचाई योजना चंकेली-१ **२० लाख**

६. ओडेधारा देखी सनिदोल्पोताल सम्म पर्यटकिय पदमार्ग निर्माण चंखेली-५ **२० लाख**

**प्रदेश सशर्त कार्यक्रमहरु :**

१. पाल्त तटबन्धन चंखेली-२ **२० लाख**

२. देउली तटबन्धन निर्माण ताक्री चंखेली -२ **२० लाख**

३. लिउडी तटबन्धन चंखेली-४ **२० लाख**

४. माथि कुथिल्सा सामुदायिक पर्यटन प्रवर्द्धन निर्माण चंकेली -६ चरिगाऊ १० लाख

५. कुटानी पिसानी मल भट्टेवाडा र देवकोटावाडा चंखेली २ २५ लाख

६. महादेव मा.वि. फिल्ड निर्माण चंखेली -२ २५ लाख

७. घट्ट तटबन्धन चंखेली -२ भट्टेवाडा १० लाख

८. बालिबिन्टे कवर्डहल निर्माण चंखेली -३ ३० लाख

९. सुत्केरी पोषण कोषेली कार्यक्रम २ लाख ८ हजार

१०. स्वस्थ्य स्वयमसेविका प्रोत्साहन भत्ता ८ लाख ८८ हजार

११. सामुदायिक स्वास्थ्य इकाई मेखाला ३ लाख

१२. .सामुदायिक स्वास्थ्य इकाई चरिगाँउ ३ लाख

१३. .सामुदायिक स्वास्थ्य इकाई भट्टेवाडा ३ लाख

**गाउँपालिकाबाट बिनियोजित निःशर्त बजेट तथा कार्यक्रम १८ करोड ७२ लाख ७५ हजार रहेको छ ।**

**जस मध्ये**

**चालु तर्फः** **१३ करोड ४७ लाख ७५ हजार ५ सय ३२**
**पूजिगत तर्फः** **५ करोड २५ लाख**

**गाउँपालिका अन्तर्गतका निःशर्त कार्यक्रमहरू**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

| शिर्षक | आ.ब २०८३।०८४ को लागी प्रस्तावित बजेट |
|---|---|
| राष्ट्र सेवक कर्मचारी तलब | १ करोड ५१ लाख १७ हजार १०० |
| राष्ट्र सेवक कर्मचारी प्रोत्साहन भत्ता | १५ लाख ११ हजार ७ सय १० |
| राष्ट्र सेवक कर्मचारी पोषाक | ४ लाख ६५ हजार |

| | |
|---|---|
| राष्ट्र सेवक कर्मचारी स्थानिय भत्ता ३० लाख १० हजार | |
| राष्ट्र सेवक कर्मचारी महङ्गी भत्ता १४ लाख ६० हजार | |
| कर्मचारी तालिम | २ लाख |
| पानी बिजुली | १ लाख ५० हजार |
| संचार महशुल | १२ लाख |
| ईन्धन कार्यालय प्रयोजन | १५ लाख |
| मसलन्द तथा कार्यालय सामाग्री | २० लाख |
| ईन्धन अन्य प्रयोजन | ५ लाख |
| स्कूल बस | २५ लाख |
| पत्र पत्रिका छपाई सूचना | १ लाख |
| कम्प्यूटर, प्रिन्टर तथा अन्य विद्युतिय उपकरण खरिद | १० लाख |
| सूचना प्रणाली सफ्टवेर | ५ लाख |
| अनुगमन मूल्याङ्कन | १० लाख |
| करार सेवा शुल्क | २ करोड ५० लाख |
| जन प्रतिनिधि सेवा सुविधा | ५० लाख |
| अन्य भ्रमण खर्च(पारिवारिक भ्रमण खर्च) | ३ लाख |
| विविध | ३२ लाख |
| गाउँ सभा संचालन | ५ लाख |
| घर भाडा | ४ लाख ६५ हजार |
| समपूरक दायित्व संघिय | ५८ लाख |
| समपूरक दयित्व प्रदेश १ करोड १९ लाख | |
| शिक्षा २ करोड ४० लाख | |
| जल विद्युत मर्मत तथा व्यवस्थापन खर्च | २० लाख |
| एम्बुलेन्स तथा गाडी मर्मत | १२ लाख |
| न्याय | ५ लाख |

| | |
|---|---|
| लक्षित वर्ग कार्यक्रम(जेष्ठ नागरिक) | १० लाख |
| युवा खेलकुद | १० लाख |
| विपद | ३० लाख |
| सेवा परामर्श | ५ लाख |
| महिला विकास | ५ लाख |
| स्वास्थ्य | ३० लाख |
| भेटेनरि | ५ लाख |
| स्वास्थ्य स्वयम सेविका थप प्रोत्साहन भत्ता | ४ लाख ५० हजार |
| | |
| पाली मष्ठा मन्दिर निर्माण दायित्व | २० लाख |
| नेप्का वर्थिङ सेन्टर निर्माण | २२ लाख |
| पालि वर्थिङ सेन्टर निर्माण | २० लाख |
| चंखेली आ.वी. भवन निर्माण | ५० लाख |
| महेन्द्र आ.वि. भवन निर्माण | ५० लाख |
| | |
| पिप्लाङ शिव मन्दिर | २६ लाख |
| महादेव मा.वि. फिल्ड निर्माण | ६० लाख |
| नेप्का चौंरी प्रवर्द्धन कार्यक्रम | ३५ लाख |
| भैपरि आउने पूजिगत दायित्त्व | १ करोड |
| | |
| वडा संचालन | १ करोड १४ लाख ११ हजार ५ सय ३२ |
| कार्यपालिका सदस्य कार्यक्रम | १२ लाख |
| | |
| गाउँ प्रहरी व्यवस्थापन कार्यक्रम | ३० लाख |
| | |
| उपाध्यक्ष कार्यक्रम | २५ लाख |
| जम्मा | १८ करोड ७२ लाख ७५ हजार ५ सय ३२ |

अन्त्यमा यो बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्ष ज्यूहरु लगायत वडा

समितीहरु, राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु, वुद्धिजिविज्यूहरु, विभिन्न राजनैतिक दलका साथीहरु, नागरिक समाज, पत्रकार, प्रमुख प्रशासकिय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सम्पूर्ण चँखेली गाँउपालिका वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।यस चँखेली गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने चँखेली गाँउपालिकाका नागरिकहरु चँखेली गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचार माध्यमहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद ।।**

प्रेमकला शाही
उपाध्यक्ष
चंखेली गाउँपालिका

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी